# विषयसूची


१. पृष्ठभूमिः ........................................................................................१

२. स्थलगत अध्ययन भ्रमणको क्रममा देखिएका तथ्यहरु ................................................३

२.१. वीरगंज बौन प्रोसेसिङ इण्डस्ट्रिज प्रा.लि. ..........................................................३

२.१.१. प्रदुषणको अवस्था र न्युनिकरणको प्रयास ..........................................................३

३. मध्यामाञ्चल बोन इण्डिस्ट्रज प्रा.लि. ............................................................... ४

३.१. प्रदुषणको अवस्था र न्युनिकरणको प्रयास............................................................. ४

४. हिरो बफ मिट सप्लायर्स................................................................................. ५

४.१. प्रदुषणको अवस्था र न्युनिकरणको प्रयास............................................................. ५

५. अन्तर्क्रिया एवं छलफल...................................................................................६

५.१. स्थानीय बासिन्दाहरुसँगको अन्तर्क्रिया एवं छलफल ................................................६

५.२. स्थानीय प्रशासनले हालसम्म प्रदुषण नियन्त्रणका लागि गरेका प्रयासहरु ................................... ७

६. समस्या, समाधानका उपाय र सिफारिशहरु............................................................... ८

६.१. समस्याहरु.................................................................................................. ८

६.१. सुझावहरु.................................................................................................... ८

६.२. समाधानका लागि सिफारिशहरु ............................................................................ ९

७. अनुगमनको क्रममा संकलित प्रतिनिधिमूलक तस्विरहरू .................................................१०

## १. पृष्ठभूमिः

देशको आर्थिक विकासमा ठूलो टेवा पुर्याउने औद्योगिक क्षेत्र नेपालको परिप्रेक्षमा विभिन्न समस्याहरुबाट गुज्रिँदै आएको पाइन्छ। बन्द, हडताल, मजदुर आन्दोलन, कच्चा पदार्थको अभाव देखि वातावरणीय विनाश र प्रदुषणका सवालहरु समेत बेलाबेलामा आइरहन्छन। उद्योगहरुबाट हुने वातावरणीय प्रदुषणलाई न्यूनिकरण गर्दै स्थानीयबासीको स्वच्छ वातावरणमा बस्न पाउने मौलिक हकलाई समेत सँगसँगै सम्वर्धन र सुनिश्चत गर्ने कार्य चुनौतीपुर्ण रहेको छ।

पर्सा जिल्ला, विरगन्ज महानगरपालिका वडा नं . १८ र २७ स्थित हड्डी मिल र मासु प्याकेजिङ्ग उद्योगहरुले वातावरण प्रदुषण गरिरहेको र स्थानीय बासिन्दाको दैनिक जिवनयापनमा प्रत्यक्ष रुपमा नकारात्मक असर पुर्याएको भन्ने विभिन्न पत्रपत्रिका र राष्ट्रिय मिडियाहरुमा आएको समाचार र यस समितिमा स्थानीय बासिन्दाको तर्फबाट निवेदन दर्ता गराएपछि सो विषयमा समितिको ध्यानाकर्षण भएको थियो। यस विषयमा सम्बन्धित उद्योगहरुको स्थलगत अनुगमन, सरोकारवाला तथा सम्वन्धित पक्षहरुसँग छलफल गरी वास्तविक तथ्य पत्ता लगाउन र समाधान खोज्न आवश्यक सुझाव र सिफारीश प्रस्तुत गर्नका लागि संघीय संसद, प्रतिनिधि सभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति अन्तर्गत गठित उद्योग , वाणिज्य तथा आपूर्ति उपसमितिलाई प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ (५) बमोजिम जिम्मेवारी प्राप्त भएको थियो।

समितिको मिति २०७५/०७/३० तथा समिति अन्तर्गत गठित उद्योग, वाणिज्य तथा आपूर्ति उपसमितिको मिति २०७५/०८/२० गते बसेको बैठकले सम्बन्धित उद्योगहरुको स्थलगत अध्ययन भ्रमण गर्ने निर्णय गरेको थियो। यस स्थलगत अध्ययन भ्रमण टोलीमा देहायका माननीय सदस्य तथा सचिवालयका कर्मचारीमहरुको सहभागिता रहेको थियो।

१. मा. श्री कृष्ण कुमार श्रेष्ठ
२. मा. श्री दिल कुमारी
३. मा. श्री नवराज राउत
४. मा. श्री प्रमोद कुमार यादव
५. मा. श्री हिराचन्द्र के.सी.
६. शाखा अधिकृत श्री सुरेन्द्र कार्की
७. खरिदार श्री सुदिप गौतम

भ्रमण टोलीले मिति २०७५/१०/०६ गते देखि २०७५/१०/०८ गते सम्म पर्सा जिल्ला, वीरगन्ज महानगरपालिका वडा नं १८ र २७ स्थित वीरगन्ज बौन प्रोसेसिङ इण्डस्ट्रिज, मध्यामाञ्चल बोन इण्डिस्ट्रज प्रा.लि. र हिरो बफ मिट सप्लायर्स उद्योगहरुको स्थलगत अनुगमन र निरीक्षण गरेको थियो। यस क्रममा  सरोकारवाला र सम्वन्धित पक्षहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको थियो। सोही आधारमा यो प्रतिवेदन तयार पारिएको छ।

## २. स्थलगत अध्ययन भ्रमणको क्रममा देखिएका तथ्यहरु

अनुगमन टोली मिति २०७५/१०/०७ गते मध्यान्ह १२ बजे वीरगन्ज महानगरपालिका वडा नं १८ र २७ स्थित मासुजन्य उद्योगहरु र हड्डी उद्योगहरु निरीक्षण गर्न पुगेको थियो। सो क्षेत्रमा वीरगन्ज बौन प्रोसेसिङ इण्डस्ट्रिज, मध्यामाञ्चल बोन इण्डिस्ट्रज प्रा.लि. र हिरो बफ मिट सप्लायर्स गरी तीन वटा उद्योगहरु सञ्चालित रहेको पाइयो।

### २.१. वीरगंज बौन प्रोसेसिङ इण्डस्ट्रिज प्रा.लि.

वीरगन्ज बौन प्रोसेसिङ इण्डस्ट्रिजको अवलोकनका क्रममा पुग्दा स्थानीय प्रशासन, प्रहरी र स्थानीय बासिन्दाहरु उपस्थित थिए।उद्योग भित्र जनावरको हड्डीहरुलाई थुपारिएर राखिएको थियो। उद्योगको एक कुनामा हड्डी धुल्याएर ट्रकमा लोड हुँदै गरेको थियो। त्यस उद्योगका सञ्चालक श्री जितेन्द्र प्रसाद यादवसँग उद्योगका विविध पक्षहरु बारे छलफल भयो।सो उद्योगमा देशभरबाट जनावरहरुको हड्डी संकलन गरी जिलेटिन, टाँक, जनावरको दाना र मल बनाउन कच्चा पदार्थको रुपमा भारततर्फ निर्यात गर्ने गरेको उद्योग संचालकबाट जानकारी प्राप्त भयो। उद्योगमा करिब ४ जनालाई मात्र रोजगारी दिएको देखियो।

#### २.१.१. प्रदुषणको अवस्था र न्युनिकरणको प्रयास

निरीक्षणका क्रममा प्रदुषित पानी जमिरहेको, जनावरका हड्डीहरु खुल्ला रुपमा ठुलो मात्रामा  थुपारिएर राखिएको र वायु दुर्गन्धित रहेको पाइयो। हड्डीको चाङमा काग र कुकुरहरु झुम्मिईरहेका थिए।  उद्योग सञ्चालकले वरपर थप पर्खाल बन्दै गरेको तारजाली लाउने काम हुँदै गरेको थियो। यसै गरी दुर्गन्धलाई कम गर्न औषधी छर्किएको पाइयो। अनुगमनका क्रममा हड्डीहरुको थुप्रोलाई त्रिपालले ढाकेर राखिएको पाइयो।

## ३. मध्यामाञ्चल बोन इण्डिस्ट्रज प्रा.लि.

मध्यामाञ्चल बोन इण्डिस्ट्रज प्रा.लि. ,वीरगन्ज बौन प्रोसेसिङ इण्डस्ट्रिज एकै प्रकृतिको उद्योग भएकोले सँगसँगै अवस्थित रहेको छ। यस उद्योगमा पनि वीरगन्ज बौन प्रोसेसिङ इण्डस्ट्रिजमा जस्तै जनावरका हड्डीहरु थुपारिएर राखिएको थियो। सो उद्योगमा देशभरबाट जनावरहरुको हड्डी संकलन गरी जिलेटिन, टाँक, जनावरको दाना र मल बनाउन कच्चा पदार्थको रुपमा भारत तर्फ निर्यात गर्ने गरेको उद्योग संचालकबाट जानकारी प्राप्त भयो। यस उद्योगमा रोजगारीको करिब ४ जनालाई मात्र रोजगारी दिएको देखियो।

### ३.१. प्रदुषणको अवस्था र न्यूनिकरणको प्रयास

मध्यामाञ्चल बोन इण्डिस्ट्रज प्रा.लि. बोन प्रोसेसिङ्ग उद्योगनै भएकाले प्रदुषणको अवस्था अन्य हड्डी उद्योगहरु भन्दा खासै फरक पाइएन। कच्चा पदार्थको रुपमा प्रयोग हुने दुर्गन्धित हड्डीहरु थुपारिएर राखिएको, वरपर काग तथा कुकुरहरु झुम्मिरहेको जस्ता अवस्थाहरुमा माथिका दुवै उद्योगहरुमा समानता रहेको देखियो।दुर्गन्धलाई कम गर्न औषधी छर्किएको पाइयो। अनुगमनका क्रममा हड्डीहरुको थुप्रोलाई त्रिपालले ढाकेर राखिएको पाइयो।

## ४. हिरो बफ मिट सप्लायर्स

हिरो बफ मिट सप्लायर्सको अनुगमन गर्दा भैंसी र राँगाहरुको मासु काटिँदै गरेको, मासु ड्राईङ्ग गर्ने काम हुँदै गरेको, प्याकिङ्ग हुँदै गरेको देखियो। मासु काट्ने स्थल (स्लाफ्टर हाउस), प्यकिङ्ग गर्ने स्थल त्यति व्यवस्थित भएको देखिएन। सो कम्पनी विगत केहि महिना देखि चिनियाँ नागरिक हाङ चाङ पाङले सञ्चालन गरेको पाइयो। यस उद्योगमा दैनिक करिब ५०/६० राँगा भैंसीहरु काटिने र सो मासु ड्राई तथा अन्य तवरले प्याकिङ्ग गरी निर्यात गर्ने गरिएको जानकारी उद्योग सञ्चालकले दिए। यस उद्योगमा म्यानमार र चिनियाँ गरी २८ जना विदेशी कामदारहरु कार्यरत रहेको पाइयो भने नेपाली कामदारहरु केवल चौकीदारको रुपमा मात्रै काम गरेको पाइयो।

### ४.१. प्रदुषणको अवस्था र न्युनिकरणको प्रयास

मासु काट्ने र प्रोसेसिङ्ग गर्ने स्थलमा सफाई प्रभावकारी देखिएन। खुल्ला रुपमा मासुको टुक्राहरुबाट मासु र हड्डी अलग गर्ने काम हुँदै गरेको देखियो। उद्योगको पछाडी रहेको दुर्गन्धित पानीको तलाउले उद्योगमा प्रदुषणलाई थप गम्भीर बनाएको पाइयो।यो उद्योगल मासु प्रोसेसिङ्ग गरी निर्यात गर्ने उद्योग भएकोले प्रदुषणको मात्रा केहि कम रहेको पाइयो। एसी जडान गरिएको र फ्रिजिङ्ग सिस्टमको प्रयोग भएको पाइयो।उद्योगले जग्गा लिजमा लिएर पानी सो जग्गामा निष्काशन गर्ने तयारी रहेको जानकारी उद्योग सञ्चालकले दिए।

## ५. अन्तर्क्रिया एवं छलफल

औद्योगिक निरीक्षण पश्चात भ्रमण टोलीले स्थानीय बासिन्दाका समस्याहरु सुन्ने, समस्याको विश्लेषण गर्ने एवं समस्या समाधान गर्नको लागि अन्तर्क्रिया एवं छलफलको आयोजना गरेको थियो।

### ५.१. स्थानीय बासिन्दाहरुसँगको अन्तर्क्रिया एवं छलफल

नेपाल राष्ट्रिय प्राथमिक विद्यालय र हनुमान मन्दिरको प्राङ्गणमा उपसमितिका माननीय सदस्यहरु र जिल्ला स्थित विभिन्न कार्यालयका पदाधिकारीहरु तथा स्थानीय बासिन्दा बीच अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। सो कार्यक्रममा वीरगंज महानगरपालिका वडा नं १८ का वडाध्यक्ष व्रम्हदेव प्रसाद कुर्मीको पनि उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा स्थानीय बासिन्दाहरुबाट व्यक्त उद्योगबाट सिर्जित मुख्य मुख्य समस्याहरु निम्नानुसार पाईयो।

- उद्योगबाट सिर्जित दुर्गन्धका कारणले सो क्षेत्रमा आवागमन गर्न, स्वासप्रश्वास र खानेपिउने जस्ता कार्यमा गम्भिर असर पुगेको,
- उद्योगमा ठूलो सङ्ख्यामा आउने कुकुरहरुका कारण नजिकै रहेको विद्यालयमा विद्यार्थीहरु र स्थानीय बासिन्दाहरुलाई आउजाउ गर्न, हिँडडुल गर्न बाधा पुगेको, कुकुरहरुले ३/४ जना बच्चाहरुलाईसमेत टोकिसकेको जसमध्ये एकजनाको मृत्यु समेत भइसकेको,
- उद्योग क्षेत्रमा फालिएका हड्डी तथा मासुका टुक्राहरु काग तथा अन्य माध्यमबाट बस्तीसम्म आइपुगेकोले प्रदुषणको समस्या झनै विकराल बनेको,
- हड्डी तथा मासुका कारणले स्याल तथा कुकुरहरु त्यस क्षेत्रमा आउनाले टोकाईको खतरा बढ्नुका साथै रेबिज रोगको संक्रमण फैलने गरेको,
- उद्योग आसपासमै मन्दिर र विद्यालय रहेका कारण मन्दिरमा बस्ने पुजारीले खाना समेत खान नसक्ने वातावरण रहनुका साथै दुर्गन्ध र असुरक्षाका कारण विद्यालयमा विद्यार्थीहरुको सङ्ख्या समेत कम हुँदै गएको,
- अनुगमनको बेलामात्र दुर्गन्ध नियन्त्रण गर्ने औषधि प्रयोग हुने र हड्डीहरु ढाक्ने गरेको गुनासो,
- स्थानीय बासिन्दाको मागलाई निस्तेज बनाउन उद्योगहरुले बाउन्सरहरुको समेतसहारा लिने गरेको।

### ५.२. स्थानीय प्रशासनले हालसम्म प्रदुषण नियन्त्रणका लागि गरेका प्रयासहरु

अन्तर्क्रियाका क्रममा पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री नारायण प्रसाद भट्टराई, वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री भिष्म कुमार भुषालले यस अघि पनि स्थानीय स्तरबाट नै यस किसिमका अनुगमनहरु भएको र प्रदुषण नियन्त्रणका लागि बारम्बार निर्देशनहरु दिएको बताउनु भयो। उहाँहरुले पहिलेको अनुगमनका क्रममा उद्योगले नाम उल्लेखित बोर्डसमेत नराखेको र हड्डीहरु पनि यत्रतत्र फालिएको अवस्थामा केहि कमी हुनुका साथै प्रदुषण केहि कमी भएको बताउनु भयो। महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतले प्रदुषणको समस्या एकदमै गम्भिर रहेको बताउँदै स्थानीय बासिन्दाहरु यस अघि पनि महानगरपालिकाको कार्यालयमा बारम्बार गुनासो लिएर आउने गरेको बताउनुभयो। समस्या समाधानको लागि स्थानीय स्तरबाट मात्र नभई संघीय सरकारबाट नै पहल हुनु जरुरी रहेको बताउनु भयो।

## ६. समस्या, समाधानका उपाय र सिफारिशहरु

### ६.१. समस्याहरु

पर्सा जिल्ला, वीरगञ्ज महानगरपालिका वडा नं १८ र २७ स्थित मासु प्रशोधन र हड्डी प्रोसेसिङ्ग उद्योगहरु अनुगमनका क्रममा मूलतः देहायका समस्याहरु रहेको पाइयो :

- उद्योगको सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन नगरी मापदण्ड विपरित उद्योग सञ्चालन भएको देखिएको,
- उद्योगहरुले प्रदुषण कम गर्न वा नियन्त्रण गर्न आवश्यक उपकरणहरु जडान गरेको नदेखिएको,
- उद्योगको कारण सिर्जना भएको प्रदुषणलाई उद्योग भित्र र बाहिर न्यूनिकरण र नियन्त्रण गर्न उपयुक्त प्रविधिको प्रयोग नगरिएको,
- उद्योगबाट सिर्जित दुर्गन्धका कारणले सो क्षेत्रमा बसोबास गर्ने मानिसहरुको स्वास्थ्यमा नकारात्मक असर पुगेको,
- उद्योगमा ठूलो सङ्ख्यामा आउने कुकुरहरुका कारण नजिकै रहेको विद्यालयमा विद्यार्थीहरु र स्थानीय बासिन्दाहरुलाई सहज आवागमनमा बाधा पुगेको
- कच्चा पदार्थको रुपमा प्रयोग हुने मासु र हड्डीको संकलन, संग्रह, र सो को प्रशोधन पश्चात निष्काशित प्रदुषित पानी र अन्य फोहोरजन्य बस्तुहरुको सही व्यवस्थापन गर्न नसकेको।
- उद्योगमा सिर्जीत हुने रोजगारीका लागि स्थानीय बासिन्दाहरुलाई प्राथमिकता नदिई विदेशी कामदारहरुको प्रयोग भएको देखिएको ।

### ६.१. सुझावहरु

- तत्कालीन रुपमा उद्योगलाई अन्यत्र स्थानान्तरण नगर्दा सम्म दुर्गन्ध कम गर्ने औषधिको प्रयोग, पर्खाल, तारजाली आदिको व्यवस्था गरी हड्डी तथा अन्य कच्चा पदार्थहरुको उचित व्यवस्थापन गर्ने,
- वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली २०५४ ले उद्योग सञ्चालन सम्बन्धमा निर्दिष्ट गरेका मापदण्डहरुको पूर्ण पालना गर्नु पर्ने,

- उद्योग सञ्चालन नविनतम एवं वैज्ञानिक प्रविधिको प्रयोग गरी प्रदुषण न्यूनिकरण र नियन्त्रण गर्ने ,
- फोहोरहरुको वर्गीकरण एवं प्रदुषित पानीलाई "वाटर ट्रिटमेन्ट प्लान्ट" मार्फत शुद्धिकरण गर्ने,
- उद्योगबाट सिर्जित रोजगारीमा स्थानीयलाई पहिलो प्राथमिकता दिनु पर्ने।

## ६.२. समाधानका लागि सिफारिशहरु

संघीय संसद, प्रतिनिधि सभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति अन्तर्गत गठित उद्योग वाणिज्य तथा आपूर्ति उपसमिति वीरगन्ज महानगरपालिका वडा नं १८ र २७ स्थित मासुजन्य उद्योगहरु र हड्डी उद्योगहरुबाट सिर्जित प्रदुषणको समस्या समाधान गर्न समिति समक्ष देहायका सिफारीशहरु गर्दछ।

- वीरगन्ज महानगरपालिका वडा नं १८ र २७ स्थित मासुजन्य उद्योगहरु र हड्डी उद्योगहरुबाट सामाजिक र प्राकृतिक वातावरणमा पुगेको क्षति न्युनिकरण गर्न तत्कालीन रुपमा र दीर्घकालीन रुपमा के के गर्न सकिन्छ सो को कार्ययोजना नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग १ महिना भित्र पेश गर्ने गरी माग गर्ने र सो कार्ययोजना बमोजिमको नीतिगत व्यवस्था गर्न नेपाल सरकारलाई निर्देशन दिने।
- नेपाल भर मासुजन्य तथा हड्डी प्रशोधन गर्ने उद्योगहरु के कति सङ्ख्यामा रहेका छन , सो को विवरण माग गरी यस प्रकृतिका उद्योगहरुलाई दीर्घकालीन रुपमा मानव वस्ती भन्दा टाढा सञ्चालन गर्ने गरी व्यवस्थापन गर्न र तत्कालीन रुपमा दुर्गन्ध र उद्योगबाट निष्काशित पानीको व्यवस्थापनलाई प्रविधिको प्रयोग मार्फत वैज्ञानिक ढंगबाट व्यवस्थापन गर्ने व्यवस्था मिलाउन नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने।

## ७. अनुगमनको क्रममा संकलित प्रतिनिधिमूलक तस्विरहरू





उद्योगको अनुगमन गर्दै माननीय सदस्यहरू लगायतको टोली





उद्योगको दृष्य





उद्योगको दृष्य



स्थानीयसँग अन्तरक्रिया गर्दै





स्थानीयसँग अन्तरक्रिया गर्दै